प्रारम्भिक मस्यौदा

भिमाद नगरपालिका प्रहरी विधेयक , २०८०

प्रस्तावना: भिमाद नगरपालिका भित्र सार्वजनिक सम्पत्तीको संरक्षण लगायत समुदायमा स्थानीय कानूनको परिपालना गराई सुव्यवस्था कायम राख्न नगरपालिकाले आफ्नै नगर प्रहरी संगठन स्थापना र सञ्चालन गर्न बान्छनीय भएकोले नेपालको संविधानको अनुसूची ८ (१) र धारा २२६ द्वारा प्रदत्त अधिकारको प्रयोग गरी भिमाद नगरसभाले भिमाद नगरपालिका प्रहरीको गठन, सञ्चालन तथा ब्यवस्थापन गर्न यो ऐन जारी गरिएको छ ।

परिच्छेद १

संक्षिप्त नाम र प्रारम्भ

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यस ऐनको नाम "भिमाद नगरपालिका प्रहरी ऐन २०८० " भन्ने रहेको छ

(२) यो ऐन भिमाद नगरपालिका भरमा लागु हुनेछ ।

(३) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भए देखि लागु हुनेछ ।

२. **परिभाषा** : विषय र प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) "ऐन" भन्नाले भिमाद नगरपालिका प्रहरी ऐन, २०८० लाई सम्झनु पर्दछ ।

(ख) "नगरपालिका " भन्नाले भिमाद नगरपालिका लाई सम्झनु पर्दछ ।

(ग) "प्रमुख" भन्नाले नगरपालिकाको नगर प्रमुखलाई सम्झनु पर्दछ ।

(घ) "प्रमुख प्रशासकीय अकृित" भन्नाले भिमाद नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(ङ) "नगर प्रहरी" भन्नाले यस ऐन अन्तर्गत भिमाद नगरपालिका मा नियुक्त प्रहरी कर्मचारीलाई सम्झनुपर्छ ।

(च) "नगर प्रहरी प्रमुख" भन्नाले नगरपालिका प्रहरी प्रमुखलाई सम्झनुपर्छ ।

परिच्छेद — २

नगर प्रहरी सेवाको गठन, रेखदेख र नियन्त्रण

३. **नगर प्रहरीको गठन** : (१) यस ऐन वमोजिम नगरपालिकामा एक नगर प्रहरीको गठन गरिनेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि प्रहरीको गठन र त्यसमा रहने संख्याको पद निर्धारण संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदनको सिफारिस बमोजिम नगर कार्यपालिकाले समय समयमा तोके बमोजिम हुनेछ ।

४. **नगर प्रहरी सेवाको रेखदेख र नियन्त्रणः** (१) नगरमा गठन हुने प्रहरी सेवाको रेखदेख र नियन्त्रण यसै ऐन र प्रचलित कानून बमोजिम प्रमुख प्रशासकीय अधिकृतले गर्नेछ ।

परिच्छेद -३

नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार

५. **नगर प्रहरी कर्मचारीको कर्तव्य** : (१) नगर प्रहरी कर्मचारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछ :-

(क) नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,

(ख) नगरपालिकाको चल अचल सम्पत्तिको सुरक्षा र संरक्षण,

(ग) स्थानीयस्तरमा हुने सभा, समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,

(घ) स्थानीय बजार तथा पार्किंग स्थलको रेखदेख र व्यवस्थापन,

(ङ) नगरपालिकाको सरसफाइ सम्बन्धी मापदण्डको कार्यान्वयन,

(च) न्यायिक समितिले गरेको मिलापत्र तथा निर्णयको कार्यान्वयन,

(छ) सार्वजनिक, ऐलानी र पर्ती जग्गा, सार्वजनिक भवन, सम्पदा तथा भौतिक पूर्वाधारको सुरक्षा,

(ज) विपद व्यवस्थापन सम्बन्धि खोजी, उद्धार, राहत तथा पुनस्थापना,

(झ) स्थानीय प्राकृतिक स्रोत र अचल सम्पत्तिको संरक्षण, चोरी निकासी नियन्त्रण,

(ञ) छाडा पशु चौपायाको नियन्त्रण,

(ट) अनाधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,

(ठ) कार्यालयले तोकेको अन्य कार्य ।

नोट- माथि उल्लेखित काम स्थानीय सरकार सन्चालन ऐन र कार्य विस्तृतिकरण प्रतिवेदनमा उल्लेखित हुन ।

## परिच्छेद - ४
## तह सृजना र पदपूर्ति

६. **<u>नगर प्रहरीको दरवन्दी सृजना:</u>** (१) नगरपालिकामा रहने नगर प्रहरी कर्मचारीको दरवन्दी सृजना र खारेजी सम्बन्धी व्यवस्था नगर कार्यपालिकाले गर्नेछ ।

(२) नगर प्रहरीको दरवन्दी सृजना गर्दा त्यस्तो दरवन्दीमा रहने पदले गर्ने कार्य विवरण, अल्पकालिन तथा दीर्घकालिन रुपमा पर्ने वित्तीय दायित्यको विश्लेषण गर्नुपर्नेछ ।

७. **<u>नगर प्रहरीमा रहने पदहरु:</u>** (१) नगर प्रहरीमा देहाय बमोजिमका पदहरु रहनेछन् ।

(क) नगर प्रहरी सहायक निरिक्षक (सहायक स्तर पाँचौ, इन्चार्ज)

(ख) नगर प्रहरी हवल्दार (सहायक स्तर चौथो)

(ग) नगर प्रहरी जवान (सहायक स्तर दोश्रो)

८. **<u>पदपुर्ति समितिको गठन:</u>** (१) नगर कार्यपालिकाको वैठकले नगर प्रहरी पदपूर्ती समितिको गठन गर्न सक्नेछ । तर स्थानीय सेवा ऐनमा रहेको पदपूर्ती समिति कृयाशिल भएमा सोही समितिले नै नगर प्रहरी पदपूर्ती समितिको कार्य गर्न सक्नेछ । प्रहरीको पदपूर्ति योग्यतामा आधारित खुल्ला प्रतिस्पर्धाको आधारमा गरिनेछ । पदपूर्ति नियुक्ति खटनपटन सम्बन्धि व्यवस्था तोकिए बमोजिम हुनेछ ।

९. **<u>करार सेवामा नियूक्ति गर्नु पर्ने:</u>** (१) यस ऐनमा अन्यत्र जुनसुकै कुरा उल्लेख गरेता पनि हाललाई नगर प्रहरीको कुनै पदपूर्ति लागि रिक्त पदमा तोकिए वमोजिमको तहमा काम गर्नेगरी करारमा नियुक्ति गर्नु पर्नेछ ।

१०. **<u>नगर प्रहरीको आवश्यक योग्यता</u>** (१) नगर प्रहरीको योग्यता सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ ।

(क) नगर प्रहरी सहायक निरिक्षक: यस पदको लागि कुनै विषयमा प्रमाणपत्र तह वा बाह्र कक्षा उत्तिर्ण गरी १८ वर्ष उमेर पूरा भई ५० वर्ष उमेर ननाघेको ।

(ख) नगर प्रहरी सहायक चौथो तह (हवल्दार) का लागि: कुनै विषयमा एस.इ.इ. वा सो सरह उत्तिर्ण गरी १८ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको ।

(ग) नगर प्रहरी जवानका लागी आधारभुत शिक्षा वा सो सरह उर्तीण गरी १८ वर्ष उमेर पुरा भई ४० वर्ष ननाघेको ।

(२) उपदफा (१) को प्रकरण नं. क, ख र ग बमोजिमका पदमा नियुक्त गर्दा नेपाल प्रहरी एवं नेपाली सेनाबाट निवृत्त भएका वा उपदान सेवा लिई राजिनामा गरेका व्यक्तिहरुलाई पहिलो प्राथमिकता दिईने छ ।

(३) दफा ७ को उपदफा १ (क, ख र ग) बमोजिमका नगर प्रहरीको नियुक्ति गर्दा पदपुर्ति समितिको सिफारिसमा प्रमुख प्रशासकीय अधिकृतले नियुक्त दिनेछन ।

(४) नगर प्रहरीको योग्यता सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

११. **विज्ञापन सम्बन्धी व्यवस्थाः** नगर प्रहरीको भर्नाको लागि विज्ञापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ ।

## परिच्छेद — ५

## सजाय र पुनरावेदन

१२. सजायः (१) उचित र पर्याप्त कारण भएमा नगर प्रहरी कर्मचारीलाई देहायको सजाय गर्न सकिनेछ

क) नसिहत दिने ।

ख) तलब बृद्धिको बढुवा रोक्का गने ।

ग) तह र तलब घटाउने

घ). लापरवाही गरी नगरपालिकलाई नोक्सानी भएको सम्पूर्ण वा आंशिक रुपमा तलव भत्ताबाट कट्टी गरी असुल गरिने,

ङ) भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी नोकरीबाट बरखास्त गर्ने,

च) भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी नोकरीबाट बरखास्त गर्ने ।

१३. **नसिहत दिनेः** (१) प्रमुख प्रशासकीय अधिकृतले दिएको आदेशको अवज्ञा गर्ने वा तोकिए बमोजिमको आफ्नो काम कर्तव्य पूरा नगर्ने नगर प्रहरी कर्मचारीलाई नसिहत दिईनेछ ।

(२) उपदफा (१) बमोजिम १ वर्षमा ३ पटक भन्दा वढी नसिहत पाएका नगर प्रहरी कर्मचारीलाई प्रकृया पूरा गरी सेवाबाट हटाईने छ । सो बाहेक अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **तलब वा वढुवा रोक्नेः** नगर प्रहरी कर्मचारीको काम सन्तोषजन नभएमा सजाय गर्ने अधिकारीले निजको तलब बृद्धि वा पदोन्नती रोक्का गर्न सक्नेछ ।

१५. **तह र तलब घटाउनेः** (१) कुनै नगर प्रहरी कर्मचारीले देहाय बमोजिमको कसूर गरेमा निजलाई १ तह घटुवा गरी सोही घटुवा भएको तहको तलब भत्ता उपलब्ध गराईनेछ ।

क.  सन्तोषजनक काम नगरेमा,

ख.  अनुशासनहीन काम गरेमा,

ग.  आचरण सम्बन्धी  व्यवस्था उल्लंघन गरेमा

घ.  नगरपालिका  ले दिएको आदेश निर्देश नमानेमा वा कार्यान्वयन नगरेमा,

ङ.  मनासिव कारण विना विदा स्वीकृत नगराई विदा बसेमा

च.  तोकिए बमोजिमको जिम्मेवारीमा लापरवाही गरेमा वा जिम्मेवारी पुरा नगरेमा

१६. **<u>भविष्यमा सरकारी सेवाको लागि अयोग्य नठहरिने गरी नोकरीबाट बर्खास्त गर्नेः</u>** (१) नगर प्रहरी कर्मचारीलाई देहाय बमोजिमको कसुर गरेमा यस प्रकारको सजाय गरिनेछ ।

(क) अयोग्यताको कारण आफ्नो पदीय जिम्मेवारी पुरा गर्न नसकेमा,

(ख) राजनीतिमा भाग लिएमा,

(ग) बारम्बार अनुशासनहीन काम गरेमा,

(घ) कार्यालय समयमा मादक पदार्थ सेवन गरी हिडेमा,

(ङ) पदीय जिम्मेवारी अनुसारको आचरण नगरेमा,

(च) आचरण सम्बन्धी नियमहरु पटक पटक उल्लंघन गरेमा ।

१७. भविष्यमा सरकारी सेवाको लागि अयोग्य ठहरिने गरी वरखास्त गर्ने : (१) नगर प्रहरी कर्मचारीलाई देहाय बमोजिमको कसुर गरेमा यस प्रकारको सजाय गरिनेछ :

(क) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतबाट प्रमाणित भएमा,

(ख) प्रचलित कानून बमोजिम भ्रष्टाचारको अभियोग प्रमाणित भएमा,

(ग) बिना जानकारी लगातार ९० दिन सम्म कार्य सम्पादनमा सहभागी नभएमा ।

**<u>१८. सजाय सम्बन्धी कार्यविधिः</u>** (१) प्रहरी कर्मचारीलाई सजाय गर्ने र गराउन आदेश दिने अधिकार प्रमुख प्रशासकीय अधिकृतलाई हुनेछ ।

(२) नगर प्रहरीलाई सजायको आदेश दिनु अघि कारवाही गर्न थालिएको विषयमा र सजाय स्पष्ट खुलाई सफाई पेश गर्ने मौका दिनु पर्नेछ । त्यस्तो सफाई पेश गर्न आदेश दिंदा गराईएका आरोप स्पष्ट रुपले किटिएको हुनु पर्दछ । त्यस्तो प्रहरी कर्मचारीलाई सजाय गर्ने अधिकारीले तोकिएको म्याद भित्र आफ्नो सफाई र प्रस्तावित सजायको लिखित रुपमा स्पष्टीकरण पेश गर्ने मौका प्रदान गर्नु पर्दछ ।

तर भागी पत्ता नलागेको वा सम्पर्क स्थापित गर्न असम्भव भएको नगर प्रहरी कर्मचारीको सम्बन्धमा प्रचलित ऐनको रीत पुर्याउनु पर्नेछ ।

१९. पुनरावेदन लाग्नेः दफा १२ बमोजिमको कारबाहीमा चित्त नबुझेमा पैतीस दिनभित्र उच्च अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

## परिच्छेदः ६

## तलब भत्ता, सेवा सुविधा सम्बन्धी व्यवस्था

२०. **<u>पारिश्रमिक, राशन, बिदा तथा अन्य सुविधाः</u>** (१) नगर प्रहरीको पारिश्रमिक, राशन, बिदा तथा अन्य सेवा शर्त र सुविधा यस ऐन, नियम र करार सम्झौतामा उल्लेख भए बमोजिम हुनेछ ।

(२) कार्यालयलाई नगर प्रहरीको सेवा आवश्यक छ भन्ने लागेमा निजको कार्य सम्पादनको आधारमा करारको म्याद आवश्यकता अनुसार दुई बर्षमा नबढने गरी थप गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखेको भएतापनि कार्य सम्पादन स्तर संन्तोषजनक नरहेको नगर प्रहरीको सेवा करार सम्झौता कार्यालयले जुनसुकै समयमा रद्द गर्न सक्नेछ ।

२१. सामाजिक सुरक्षा सम्बन्धी व्यवस्था — यस ऐन नियुक्त नगर प्रहरीलाई प्रचलित कानून बमोजिम सामाजिक सुरक्षा

## परिच्छेदः ७

## पोशाक र दज्र्यानी चिन्ह

२१. **<u>पोशाक र चिन्हः</u>** नगर प्रहरीको दज्र्यानी चिन्ह, ब्याज, पोशाक र सोको रंग सम्बन्धी व्यवस्था कार्यपालिकाले तोकिए बमोजिम हुनेछ ।

## परिच्छेदः ८

## विविध

२२. **<u>तालिमः</u>** (१) छनौट भएका नगर प्रहरीलाई औपचारिक जिम्मेवारीमा खटाउनु पुर्व नेपाल प्रहरीसँगको समन्वयमा न्युनतम सात दिनको आधारभुत तालिम प्रदान गर्नुपर्नेछ ।

२३. **<u>पुरस्कारः</u>** प्रशंसनीय एवं उत्कृष्ट कार्य सम्पादन गर्ने नगर प्रहरीलाई नगरपालिका कार्यालयले पुरस्कृत गर्न सक्नेछ ।

२४.   **कार्य सञ्चालन प्रक्रियाः** कार्यालयले नगर प्रहरीको कार्य सञ्चालन प्रक्रिया सम्बन्धी नियम बनाई लागू गर्न सक्नेछ ।

२५.   **नियम बनाउने अधिकारः** यस ऐनको उद्देश्य कार्यान्वयन गर्नलाई कार्यनगरले आवश्यक नियमावली तथा कार्यविधि बनाउन सक्नेछ ।